## कार्यपालिका वैठक नं. १० आ.व.२०८२- ०८३ (२०८३/०२/२७)

आज मिति २०८३/०२/२७ गतेका दिन बिहान ८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | वसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | विकास चन्द्र शर्मा | |
| १६ | प्रशा. अधिकृत | शर्मिला अधिकारी | |
| १७ | प्रशा. सहायक | अपेक्षा श्रेष्ठ चुमान | |
| १८. | का. सहयोगी | शानु गुरुङ | शानु |

**कार्यपालिका वैठक नं. १० आ.व.२०८२- ०८३ (२०८३/०२/२७) का प्रस्तावहरु**

१. समीक्षा सम्बन्धमा।

२. सार्वजनिक शौचालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा।

३. योजना कार्यक्रम सम्बन्धमा।

४. कर्मचारी आवास सुविधा सम्बन्धमा।

५. शिक्षक सरुवा सम्बन्धमा।

६. आयठेक्का बोलपत्र आव्हान सम्बन्धमा।

७. पूर्ण खोप पालिका घोषणा सम्बन्धमा।

८. भुक्तानी सम्बन्धमा।

९. विषय रुपान्तरण सम्बन्धमा।

१०. आँबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा।

११. आँबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम सम्बन्धमा।

१२. आँबुखैरेनी गाउँपालिकाको गाउँसभाको १९ औ अधिवेशन सम्बन्धमा।

१३. विविध सम्बन्धमा।

Scanned with CamScanner

## कार्यपालिका बैठक नं. १० आ.व.२०८२- ०८३ (२०८३/०२/२७) का निर्णयहरु

**१. समीक्षा सम्बन्धमा।**

क) अघिल्लो कार्यपालिका बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो।

ख) यस आँबुखैरेनी गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु, शाखाहरु, आँबुखैरेनी अस्पताल, स्वास्थ्य सँस्थाहरुबाट पेश हुन आएका बैसाख महिनाको प्रगति प्रतिवेदन उपर छलफल गरी गाउँपालिकाको वेवसाईट र प्रवक्ता मार्फत सार्वजनिक गर्ने निर्णय गरियो।

ग) प्रमुख प्रशासकिय अधिकृत बाट पेश भएको कार्यालयको बैशाख महिनाको आम्दानी र खर्च प्रतिवेदन उपर छलफल गरी गाउँपालिकाको वेवसाईट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो।

**२. सार्वजनिक शौचालय सञ्चालन व्यवस्थापन सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिकाद्वारा मार्किचोक उद्योगग्राम नजिक निर्माण गरिएको शौचालय सञ्चालन गर्ने साथै, कार्यालयले निर्धारण गरेको सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रहि उक्त शौचालय क्षेत्र नजिकको पौवा खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई सरसफाई, संरक्षण सहित सञ्चालन तथा व्यवस्थापनको जिम्मा दिने निर्णय गरियो।

**३. योजना कार्यक्रम सम्बन्धमा।**

क. यस आँबुखैरेनी गाउँपालिका अन्तर्गत आदीवासी जनजाती महासंघको यहि मिति २०८२/१२/२८ गतेका दिन गाउँकार्यसमितीको अधिवेशन सम्पन्न भएको हुँदा उक्त कार्यक्रमको खर्च रकम रु.३०,०००/- (अक्षररुपी तीस हजार रुपैँया मात्र।) गाउँकार्यपालिकाको स्वीकृत माघि/मगर दिवश कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी उपलब्ध गराउने निर्णय गरियो।

ख. आँबुखैरेनी गाउँपालिकाको न्यायिक समितीद्वारा गाउँपालिकाका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई न्यायीक सचेतना सम्बन्धी साक्षात्कार कार्यक्रम सञ्चालन गर्ने र सो को लागि गाउँकार्यपालिकाको स्वीकृत लक्षित वर्ग सशक्तीकरण खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**४. कर्मचारी आवास सुविधा सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत कर्मचारी आवास सुविधा व्यवस्थापन सम्बन्धी कार्यविधी बमोजिम देहायका कर्मचारीहरुलाई आवास सुविधा उपलब्ध गराउने निर्णय गरियो।

क. डा.प्रेरणा भट्टराई, डेण्टल सर्जन (अधिकृतस्तर आठौँ)

ख. डा. ललिता गुरुङ, डेण्टल सर्जन (अधिकृतस्तर आठौँ)

**५. शिक्षक सरुवा सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिका अन्तर्गत चण्डेश्वरी आधारभूत विद्यालय, आँबुखैरेनी- ४ बल्टारमा निम्न माध्यमिक तह विज्ञान विषयको शिक्षण सहयोग अनुदानमा कार्यरत शिक्षक **करिस्मा सारु मगरलाई** जलदेवी आधारभूत विद्यालय, आँबुखैरेनी- ५, बरालुङवेशी र कामधेनु माध्यमिक विद्यालय, आँबुखैरेनी- ५, खेउसिङमा कार्यरत प्राथमिक तह द्वित्तीय श्रेणी स्थायी शिक्षक श्री **लक्ष्मण गुरुङलाई** चण्डेश्वरी आधारभूत विद्यालय, आँबुखैरेनी -४ बल्टार र छिम्केश्वरी माध्यमिक विद्यालयमा कार्यरत प्राथमिक तह तृतीय श्रेणी स्थायी शिक्षक श्री **राजेन्द्र न्यौपानेलाई** रामशाह माध्यमिक विद्यालय, आँबुखैरेनी-३ तनहुँमा काज सरुवा गर्ने निर्णय गरियो।

Scanned with CamScanner

**६. आयठेक्का बोलपत्र आव्हान सम्बन्धमा ।**

**क.** आर्थिक वर्ष २०८३/०८४ को लागि आँबुखैरेनी गाउँपालिकाको क्षेत्राधिकारभित्रको प्राकृतिक साधन तथा स्थानीय उत्पादित वस्तुहरु आफ्नो क्षेत्राधिकार बाहिर लैजाँदा लाग्ने वातावरण शुल्क उठाउने कार्यका लागि न्यूनतम रकम रु.३८ लाख कायम गरी आय ठेक्काका लागि विधुतीय बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

**ख.** आर्थिक वर्ष २०८३/०८४ को लागि आँबुखैरेनी गाउँपालिका तनहुँको क्षेत्राधिकार भित्र पर्ने स्थानहरुमा विज्ञापन कर उठाउने कार्यका लागि न्यूनतम रकम रु.१२ लाख कायम गरी आयठेक्काका लागि विधुतीय बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

**७. पुर्ण खोप पालिका घोषणा सम्बन्धमा ।**

आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत राष्ट्रिय खोप कार्यक्रममा उल्लेख भएअनुसार पूर्णखोप सुनिश्चितता तथा दिगोपना र सरसफाई प्रवर्द्धन कार्यक्रमको निरन्तरताको लागी वडाहरुमा घरधुरी सर्वेक्षण, वडा भेरिफिकेशन तथा प्रमाणिकरणका लागि सबै वडाहरुबाट प्रतिवेदन तथा अनुसूचीहरु ३,४,५,६ प्राप्त भई आएकोले वडास्तरमा प्रमाणीकरणका लागि स्वास्थ्य शाखाबाट टिम परिचालन गर्ने । साथै, वडाका प्रतिवेदन अनुमोदन गर्ने र पुर्ण खोपपालिका घोषणाका लागि आवश्यक प्रक्रिया सुरु गर्ने निर्णय गरियो ।

**८. भुक्तानी सम्बन्धमा ।**

क. विभिन्न समयमा आएको अविरल वर्षाको कारण आएको पहिरोबाट क्षातिग्रस्त भएका पालिकाका मुख्य मुख्य सडकहरु मर्मत गरी आवतजावत सहज गर्ने भनि यस आँबुखैरेनी गाउँकार्यपालिका बैठकको अघिल्लो बैठकबाट निर्णय गरेको हुँदा सोही अनुसार वडा नं.१,२,४,६ का मुख्य मुख्य सडकहरु मर्मत गरेबापतको जम्मा खर्च रकम रु.५,६२,२५०/- (अक्षररुपी पाँच लाख बैसठ्ठी हजार दुई सय पचास रुपैँया मात्र ।) भुक्तानीको लागि पेश भएको हुँदा प्राविधिक मुल्याङ्कन तथा पालिकास्तरीय अनुगमन समितीको प्रतिवेदनअनुसार गाउँकार्यपालिकाको स्वीकृत विपद व्यवस्थापन खर्च शिर्षकबाट खर्च हुनेगरी भुक्तानी दिने निर्णय गरियो ।

**९. विषय रुपान्तरण सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं.३ स्थित रामशाह माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०२/२१ गतेको निर्णय तथा विद्यालयको च.नं.४८५, मिति २०८३/०२/२६ गतेका दिन उक्त विद्यालयमा कार्यरत माध्यमिक तह, तृतीय श्रेणी, विज्ञान विषयका शिक्षक श्री संगम आचार्यको माहेन्द्री माध्यमिक विद्यालय, व्यास- ९, तनहुँमा सरुवा भई गएको कारण विज्ञान विषय तर्फ एक दरबन्दी रिक्त हुन गएको तथा हाल विद्यालयमा माध्यमिक तहमा विज्ञान विषयका दुई दरबन्दी र साविक उच्च माध्यमिक तहमा विज्ञान विषयका दुई दरबन्दी गरी चार वटा दरबन्दी कायम रहेको तर कम्प्युटर विज्ञान विषयको स्वीकृत दरबन्दी नरहेको हुँदा विद्यालयको शैक्षिक आवश्यक्ता, विद्यार्थी संख्या तथा विषयगत आवश्यक्ताका आधारमा रिक्त रहेको विज्ञान विषयको दरबन्दीलाई कम्प्युटर विज्ञान विषयमा रुपान्तरण गरिदिनुहुन भनी पेश भएको पत्र उपर छलफल गरी शिक्षा नियमावली, २०५९ को अनुसूची- १२ मा भएको व्यवस्था बमोजिम त्यस विद्यालयमा रिक्त रहेको माध्यमिक तह विज्ञान विषयको एक दरबन्दीलाई कम्प्युटर विज्ञान विषयको दरबन्दीमा रुपान्तरण गरी अभिलेख कायम गर्ने निर्णय गरियो ।

**१०. आँबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका अध्यक्ष ज्यूबाट प्रस्तावित आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम उपर छलफल गरी प्राप्त सुझाव सहित समावेश गरी आगामी कार्यपालिका बैठकमा थप छलफल गर्ने र योजना तथा बजेटमा समावेश गर्नुपर्ने योजना कार्यक्रमहरु सम्बन्धमा सम्बन्धित वडाहरुले वडाभेलाहरुबाट संकलन भएका योजनाहरुलाई वडा समितीको बैठकबाट प्राथमिकिकरण गरी निर्णय सहित आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**११. आँबुखैरेनी गाउँपालिकाको गाउँसभाको १९ औ अधिवेशन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको गाउँसभाको १९ औ अधिवेशनको पहिलो बैठक यहि मिति २०८३ साल असार ०३ गते बिहान ११ गाउँपालिकाको सभाहलमा बस्ने र सोही दिनको बिहान ८ बजे गाउँकार्यपालिका बैठक बस्ने निर्णय सहित बैठक समापन गरियो ।

Scanned with CamScanner